*"हलिया प्रथाको अन्त्य गरौं, मानव अधिकारको ग्यारेन्टी गरौं ।"*

# हलिया मुक्ति तथा न्यायिक पुनर्स्थापनाका लागि
# हाम्रो अपिल

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

हाम्रो देशमा बिभिन्न समयमा ठूल्ठूला परिबर्तनहरु भई समावेशी र लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भएको छ । नयाँ नेपाल बनाउन राज्यको पुनर्संरचना, दिगो शान्ति, आर्थिक, सामाजिक रुपान्तरण, शोषण, दमनको अन्त्य गरी न्याय र समतामूलक समाज निर्माण गर्ने लक्ष्यका साथ देश अघि बढिरहेको छ । तर सदियौंदेखि कृषि बँधुवाको रुपमा रहेको हलियाप्रथाले सुदूरपश्चिमको बाजुरा, बझाङ्ग, दार्चुला, बैतडी, कञ्चनपुर, डडेल्धुरा, डोटीमा गरी झण्डै २० हजार घरधुरी अर्थात् डेढ लाख भन्दा बढि जनसंख्या हलिया बस्न विवश भएका छन् भने मध्यपश्चिमको पहाडी जिल्ला कालीकोट, जाजरकोट, दैलेख, पर्वतलगायत देशभरी करिब २ लाखको हाराहारीमा हलिया रहेको अनुमान छ । हलियाप्रथा कहिले, कसरी सुरु भयो ? भन्ने एकिन तथ्य नभएपनि आदिमकालमा युद्धमा हारेका कमजोर वा गरिव मान्छेलाई दास वा नोकर बनाएर राख्ने चलन लगभग मानवसभ्यता जत्तिकै पुरानो छ । उक्त प्रथा संसारका विभिन्न देशमा कायम थियो । अझैं केही देशमा यो अन्यायपूर्ण प्रथा कायम रहेको पाईन्छ । नेपालमा पनि यो प्रथा कायम छ । त्यतिखेरका तत्कालिन श्री ३ चन्द्र शमशेर राणाको पालामा केही दासदासीलाई मुक्त गर्ने काम विं. सं. १९८१ मा भएको थियो । उनीहरु हेटौंडा र वीरगञ्जको बीचमा पर्ने पथलैया नजिकको अमलेखगन्जमा पुनर्स्थापित भएका थिए । त्यतिखेर राणा र धनीमानीका दरवारमा काम गर्ने कमारा-कमारी (करिया) प्रथाबाट मुक्त गराई पुनर्स्थापना गराएका थिए । तर, कृषि क्षेत्रमा कार्यरत भू-दासहरुले मुक्ती पाउन सकेनन् । जुन तराईको कमैया र पहाडी भेगमा रहेका हलियाहरुको नामले चिनिन्छन् । तराईमा रहेका कमैयाहरुलाई २०५८ मा आएर सरकारले मुक्तिको घोषणा गरी ऐन जारी गऱ्यो । तर सोही प्रवृत्तिको काम गर्ने पहाडका हलियाहरु भने मुक्त हुन सकेनन् । कमैयाहरु भन्दा पनि अत्यधिक जातीय छुवाछूत श्रम-शोषण, अन्याय, अत्याचार, भूमिहीन, कुटपिट, अपमानित, शिक्षा, स्वास्थ्य, आर्थिक गतिविधिबाट बिमुख र मालिकबाट नियन्त्रित जीवन जीउँन बाध्य पारिएका हलियाहरुप्रति सरकारले पनि कानुनी रुपमा अन्याय गरेको ठहर्छ ।

हलिया मुक्तिका लागि सुदूरपश्चिमका नौवटै जिल्लामा विभिन्न धर्ना, अनशन, ११ बुंदे मागसहितको ज्ञापन-पत्र, सर्वोच्च अदालतमा नेपाल राष्ट्रिय दलित समाज कल्याण संघले रिट समेत दाएर गरेको र सोमाथि सम्मानित सर्वोच्च अदालतले २०६३ साल बैशाख ३ गते हलिया मूक्तिको लागि नेपाल सरकारको नाममा फैसला गरेको थियो, जुन सर्बोच्च अदालतले हलिया पनि कमैया सरह रेहेको र हलिया रहेको जिल्लामा कमैया सरह उचित ब्यबस्था गर्नु भन्ने निर्देशन दिएको र हालसम्म सरकारबाट कुनै काम कारबाही अगाडि नबढाएको स्मरण गराउँदछौ । लुथरन विश्व फेडेरेशन नेपाल र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको हलिया सम्बन्धी एक नमुना सर्वेक्षण अनुसार ९७ प्रतिशत हलिया दलित रहेको छन्, १२ प्रतिशत ले मात्रै नागरिकता पाएका छन्, ८९ प्रतिशत भूमिहीन रहेको ९८ प्रतिशत परम्परागत पेशामा आश्रित छन् । ९७ प्रतिशतको जन्मदर्ता भएको छैन भने ८२ प्रतिशत हलियाहरु शिक्षाबाट बञ्चित हुनुपरेको छ । सर्वेक्षणअनुसार हलियाका प्रति घरधुरी औसत ८ हजार ५ सय ४५ ऋण तिर्नु पर्ने र सोको लागि पुस्तौपुस्ता सम्म श्रमशोषण भईरहेको छ ।

यो प्रथा अन्तरिम संविधान २०६३ को धारा २९, विश्वव्यापी मानव अधिकार घोषणापत्र १९४८ को धारा ४, नागरिक अधिकार ऐन २०१२, भूमिसुधार ऐन २०२१, मुलुकी ऐन २०२० को जीउ मास्ने-बेच्ने महलको ३ नम्बर, कमैया श्रम ऐन २०५८ लगायतका विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय कानूनको विरुद्धमा रहेको स्पष्ट छ । विस्तृत शान्ति सम्झौता ३ को १० नम्बरमा कमैया, हलियालाई शिक्षा, स्वास्थ्य, रोजगार, आवास, भूमिलगायत पुनर्स्थापना गर्नुपर्ने स्पष्ट गरिसक्दा पनि अझैं कार्यान्वयन हुन नसक्नुले नयाँ नेपाल निर्माणमा एउटा अवरोध सृजना हुनसक्ने आभाष हामीलाई भएको छ ।

**हलिया प्रथा**

पुस्तौंपुस्तादेखि जग्गाको सानो टुक्रा दिएबापत वा ऋणको व्याजबापत वा परम्पराका आधारमा जमिनदारको हलो जोत्ने र कृषिसंग सम्बन्धित लाए/अह्राएका सम्पूर्ण काम गर्नुपर्ने बन्धनकारी श्रम नै हलिया प्रथा हो । यो प्रथामा अधिकांश दलित समुदायका व्यक्तिहरु हलिया छन्  साथै हलियाका सम्पूर्ण परिवारले समेत खेतबारी र घरायसी काम गर्नु परिरहेको छ ।

**न्यायप्रेमी जनसमुदाय,**

हलिया मुक्तिका लागि बिगत ५/६ बर्षदेखि नेपाल सरकारलाई बेला-बेलामा ज्ञापनपत्र, स्मरणपत्र, राष्ट्रिय हलिया अभियान, नागरिक समाज र राजनैतिक पार्टीसंग अन्तर्क्रिया, विभिन्न तह-तप्कामा बहश पैरवीहरु नभएका होइनन् । तर हलिया सवाल सम्बोधन हुन सकेन । तसर्थ हाम्रा जायज मागहरुलाई बेलैमा नेपाल सरकाले सम्बोधन गरोस् भन्ने उद्देश्यले यही मिति २०६५ भाद्र ११ गतेदेखि हलिया मुक्ति आन्दोलन, लाखौं पीडित हलियाहरुको प्रतिनिधिमूलक हलियाको साझा संगठन राष्ट्रिय हलिया मुक्ति समाज महासंघको अगुवाई र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको सहकार्यमा अघि बढेकोछ । यो अभियान हलियाहरुको मुक्ति र न्यायिक पुनर्स्थापनाका लागि निष्कर्षमा पुर्‍याउन लक्षित छ । हलियाको मुक्ति र न्यायिक पुनर्स्थापनासहित हलियाको हक, अधिकारको ग्यारेन्टी गर्नु यतिखेरको टड्कारो आवश्यकता हो । हलिया मुक्तिको साझा सवाललाई सबै वर्ग र तह-तप्काबाट उठान गरी सामूहिक प्रयासबाट अघि बढाउन आग्रह गर्दछौं ।

हलिया मुक्ति न्यायिक पुनर्स्थापनासहित हलिया समस्या समाधान गरिदिनका लागि नेपाल सरकार, ६०१ जना सभाषदहरु, राजनीतिक दल, तिनका भातृ संगठनहरु, पत्रकार, सामाजिक संघ-संस्था, मानव अधिकारकर्मी, विद्यार्थी, नागरिक समाज, कानून ब्यावसायी तथा सरोकारवाला र न्यायका पक्षधर सम्पूर्ण समुदायसंग साथ, समर्थन, ऐक्यबद्धताका लागि हार्दिक **अपिल** गर्दछौं ।

<u>हाम्रा मागहरु</u>

(१) तत्काल पुनर्स्थापनाका लागि हलियामुखी नीति तथा कार्यक्रमसहित उनीहरुका मूक्तिको घोषणा गरियोस् ।

(२) हलियाको नाममा रहेको ऋण खारेजी, उचित क्षतिपूर्ति र हलियाहरुले पुस्तौंदेखि बसोबास गर्दै आएको जमीन र घरबास स्थानीय सरजमिनका आधारमा बिना शर्त हलियाकै नाममा दर्ता कायम गरियोस ।

(३) हलियाको विस्तृत आर्थिक सामाजिक अबस्था पहिचान गर्न नेपाल सरकारले यथाशिघ्र तथ्याङ्क लिई वर्गीकरण गरी परिचयपत्रको ब्यवस्था गरियोस् ।

(४) २०६४ बैशाख ३ गते सर्बोच्च अदालतले हलियाको पक्षमा गरेको फैसलाको अबिलम्ब कार्यान्वयन गर्न कमैया श्रम निषेध गर्न बनेको ऐन २०५८, अन्तरिम संविधान २०६३ को मौलिक हक, राजनीतिक दलका घोषणापत्रहरु, प्रतिबद्धताहरु विद्यमान सरकारी ऐन कानून, अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को ब्यवस्थालाई पूर्णरुपमा कार्यान्वयन गरियोस ।

(५) हलियाहरुमध्ये ९७ प्रतिशत दलित भएकोले उनीहरु हालसम्म जातीय विभेद र छुवाछुतको मारमा परेकाले छुवाछूत निषेध सम्बन्धी कानूनको ब्यावहारिक कार्यान्वयन हुनेगरी मानवीय कलंकको रुपका स्वीकार गर्दै, मानवता बिरुद्धको अपराधको रुपमा हुनेगरी कानून जारी गर्न जोडदार माग गर्दछौं ।

(६) हलिया समस्या समाधान गर्नको लागि उच्चस्तरीय अधिकार सम्पन्न **"हलिया मूक्ति तथा पुनर्स्थापना आयोग"** गठन गरियोस ।

(७) हलियालाई उचित जमिन, आवास, शिक्षा, स्वास्थ्य, रोजगारको ब्यवस्था गरियोस् ।

(८) राज्यका नीति निर्माण देखि कार्यन्वयनतह र राजनैतिक निकायमा समेत हलियाको समानुपातिक प्रतिनिधित्व, स्वामित्व र पहुँचको ग्यारेन्टी गरियोस् ।

(९) हलियाको समस्या समाधानका लागि छुट्टै विशेष ऐन जारी गरियोस ।

(१०) हलिया महिलामाथि भईरहेका घरेलु हिंसा, अन्याय, अत्याचार, शारीरिक र मानसिक शोषणहरुको अन्त्य गरी सामाजिक सुरक्षाको ग्यारेन्टी गरियोस् ।

(११) हलियाहरुको समग्र राजनीतिक आर्थिक र सामाजिक साँस्कृतिक समस्याको समाधानका उल्लेखीत माग प्याकेजमा समाधान गरियोस् ।

राष्ट्रिय हलिया मुक्ति समाज महासंघ (RHMSF)
केन्द्रिय कार्यालय, डडेल्धुरा, फोन : ०९६-६९००७५

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ (NNDSWO)
केन्द्रिय कार्यालय , काठमाडौं , फोन. ०१-५५३९९४१